निर्णय नं १ :

कोरोना भाइरस विरुद्धको पहिलो डोज चाइनिज खोप (भेरोसिल) लगाएका व्यक्तिहरुलाई दोस्रो डोज खोप यहि २०७८ जेठ ६ गते देखि  १३ गते सम्म (शनिवार बाहेक)सन्चालन गर्ने । यसका लागि प्रत्येक वडामा उपलब्ध खुल्ला तथा स्वास्थ्य सुरक्षाका दृष्टिले उपयुक्त स्थान छनौट गरी महानगरपालिकाका २९ वटै वडाहरुमा खोप केन्द्र राखि कार्यक्रम सन्चालन गर्ने । उल्लेखित आधारमा उपयुक्त खोप केन्द्र छनौट गरी यहि जेठ ३ गते भित्र सम्बन्धित वडा अध्यक्षले नगरस्तरिय खोप समन्वय समितिमा जानकारी गराउने साथै जिल्ला स्वास्थ्य कार्यालय, महानगरपालिका समेत संग समन्वय गरीइ खोप कार्यक्रमको सम्योजन सम्बन्धित वडाले गर्ने ।

निर्णय नं २ :

खोप कार्यक्रम सन्चालन गर्नका लागि वडामा उपलब्ध भ्याक्सिनेटर र स्वयंसेवक लगायतका आवश्यक जनशक्ति समयबद्ध तरिकाले खटाउने प्रबन्ध सम्बन्धित वडाले मिलाउने  । खोपमा खटिएका जनशक्तिलाई आवश्यक पर्ने पोशाक तथा स्वास्थ्य सुरक्षा सामाग्री, भ्याक्सिन जिल्ला स्वास्थ्य कार्यालयले उपलब्ध गराउने ।

निर्णय नं. ३ :

खोप कार्यक्रम सन्चालन गर्ने जिल्ला स्वास्थ्य कार्यालयलाई प्राप्त अख्तियारी र मापदण्ड भन्दा बढी जनशक्ति र स्वास्थ्य सुरक्षा सामाग्री आवश्यक परेको खण्डमा वडा कार्यालयलाई कोभिड रोकथाम तथा नियन्त्रण शिर्षकमा विनियोजन गरिएको रु. तीन लाख बजेटवाट सम्बन्धित वडाले खर्च गर्ने ।

निर्णय नं. ४ :.

खोप कार्यकैमलाई प्रभावकारी र व्यवस्थित बनाउन आवश्यक अन्य क्रियाकलापहरु सम्बन्धित वडाले निर्णय गरी सन्चालन गर्ने र सोको जानकारी महानगरीय खोप समन्वय समितिलाई गराउने ।

निर्णय नं. ५ :

खोप कार्यक्रमसंग सम्बन्धित विषयको सूचना तथा जानकारी सरल भाषामा हरेक टोल टोलमा सम्बन्धित वडाले गर्ने / गराउने यस प्रयोजनका लागि नगर प्रहरी बल लगायत अन्य सरोकारवालाको समेत व्यापक परिचालन गर्ने ।

निर्णय नं. ६ :

खोप कार्यक्रम सन्चालन गर्दा स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण परिपालना र न्यूनतम ४ मिटरको दुरी कायम गर्ने । सोका लागि महानगरीय प्रहरी परिसरलाई सुरक्षा व्यवस्था कायम गर्न अनुरोध गर्ने र यसकार्यक्रमको सुष्म अनुगमन समेत गर्ने ।